कार्यपालिकाबाट स्वीकृत मिति २०७९।१२।३

प्रमाणिकरण मिति .....

बालअधिकार संरक्षण तथा सम्बर्धन कार्यविधि, २०७९

परोहा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

लौकाहा, रौतहट

मधेश प्रदेश, नेपाल

CamScanner

कार्यपालिकाबाट स्वीकृत मिति २०७९।१२।३

प्रमाणिकरण मिति .....

बालअधिकार संरक्षण तथा सम्बर्धन कार्यविधि, २०७९

परोहा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

लौकाहा, रौतहट

मधेश प्रदेश, नेपाल

CamScanner

प्रस्तावना: स्थानीय तहमा बालबालिकाको हकहित र अधिकारको सम्मान, संरक्षण, पालना र सम्वर्धनकालागि नेपालको संविधान तथा कानूनमा भएका व्यवस्थाहरुको कार्यान्वयन गर्न तथा बालबालिकाको बचावट, संरक्षण, विकास तथा सहभागिताको अधिकार लगायत सर्वोत्तमहितको सुनिश्चितताका साथै बाल मैत्री स्थानीय शासनको प्रवर्धन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी परोहा नगरपालिकाले यो कार्यविधि निर्माण गरि पालिकाको नगर कार्य समितिबाट पारित गरी कार्यान्वयनमा ल्याईएको छ।

परिच्छेद १

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) को कार्यविधिको नाम **"बालअधिकार संरक्षण तथा सम्वर्धन कार्यविधि, २०७९"** रहेको छ।

२. यो कार्यविधि परोहा नगरपालिकाको कार्य समितिले पास गरि स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "प्रमुख"भन्नाले परोहानगरपालिकाको प्रमुखभन्ने सम्झनु पर्छ।

(ख) "उपप्रमुख" भन्नाले परोहा नगरपालिकाको उपप्रमुख भन्ने सम्झनु पर्छ।

(ग) "ऐन" भन्नाले बालबालिका सम्बन्धि ऐन २०७५ भन्ने सम्झनु पर्छ।

(घ) "कार्यविधि" भन्नाले बालअधिकार संरक्षण तथा सम्वर्धन कार्यविधि २०७९ सम्झनु पर्छ।

(ङ) "नगरपालिका" भन्नाले परोहा नगरपालिका भन्ने सम्झनुपर्छ।

(च) "परिषद" भन्नाले ऐनको दफा ५९ बमोजिम गठित राष्ट्रिय बालअधिकार परिषद् भन्ने सम्झनु पर्छ।

(छ) "प्रदेश मन्त्रालय" भन्नाले मधेश प्रदेश महिला, बालबालिका, युवातथा खेलकुद मन्त्रालय भन्ने सम्झनु पर्छ।

(ज) "प्रदेश समिति" भन्नाले मधेश प्रदेश बालअधिकार समिति भन्ने सम्झनु पर्छ।

(झ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ बमोजिम परोहा नगरपालिको प्रशासकिय प्रमुखको कार्यरत अधिकृत कर्मचारी सम्झनु पर्छ।

परोहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय, परोहा, सर्लाही, मधेश प्रदेश, नेपाल

शेख अख्तर
नगर प्रमुख
परोहा नगरपालिका
सर्लाही, मधेश प्रदेश

CamScanner

(ञ) "बालकल्याण अधिकारी" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७१ को दफा बमोजिम परोहा नगरपालिकाले नियुक्त गरेको वा तोकेको बाल कल्याण अधिकृत सम्झनु पर्छ।

(ट) "बालक्लब वा बालसंस्था" भन्नाले बालअधिकारको संरक्षण तथा सम्वर्द्धनका लागि १८ वर्षसम्मका बालबालिकाको यस कार्यविधि बमोजिम स्थानीय तहमा गरेको बालक्लब वा बालसंस्था सम्झनु पर्छ।

(ठ) "बालकोष" भन्नाले जोखिममा परेका तथा विशेष संरक्षणका आवश्यकता भएका बालबालिकाको तत्काल उद्धार, राहत, पुनर्स्थापना, क्षतिपूर्ति प्रदान छात्रवृत्तिका लागि कार्यविधिको दफा २८ बमोजिम परोहा नगरपालिकाले गरिएको बालकोष भन्ने सम्झनु पर्छ।

(ड) "बालबालिका" भन्नाले १८ वर्ष उमेर ननाघेका व्यक्ति भन्ने सम्झनु पर्छ।

(ढ) "बालसञ्जाल" भन्नाले बालक्लब वा संस्थाको सञ्जाल सम्झनु पर्छ।

(ण) मन्त्रालय" भन्नाले नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय भन्ने सम्झनु पर्छ।

(त) "लेखा प्रमुख" भन्नाले परोहा नगरपालिकामा कार्यरत लेखा प्रमुख भन्ने सम्झनु पर्छ।

(थ) "वडा अध्यक्ष" भन्नाले परोहा नगरपालिका अन्तर्गतको सबै वडा अध्यक्षको निर्वाचित व्यक्ति वा सो पदमा रही कार्य गर्न तोकिएको व्यक्ति भन्ने सम्झनु।

(द) "विशेष संरक्षणका आवश्यकता भएका बालबालिका" भन्नाले ऐनको दफा बमोजिमका बालबालिका भन्ने सम्झनु पर्छ।

(ध) "समाजसेवी मनोविज्ञ" भन्नाले ऐनको दफा ६२ बमोजिम स्थानीय तहमा रहेका समाजसेवी, बालमनोविज्ञ एवम् सामाजिककार्य तथा मनोविज्ञान सम्बन्धमा योग्यता प्राप्त गरी स्थानीय तहमा बालबालिकालाई सेवा दिने उद्देश्यले सूचीकृत भएका एवं सो सम्बन्धमा विशेषज्ञता प्राप्त सूचिकृत संस्थालाई समेत सम्झनु पर्छ।

(न) "बालअधिकार समिति" भन्नाले यस कार्यविधि बमोजिम परोहा नगरपालिकामा गठन भएको स्थानीय बालअधिकार समिति तथा वडा स्तरीय बालअधिकार समिति भन्ने सम्झनु पर्छ।

(प) "संस्था भन्नाले" बालअधिकार संरक्षण र सम्वर्द्धनका लागि प्रचलित कानून बमोजिम दर्ता भई कार्यक्रम सञ्चालन गरिरहेका संघ/संस्था, संगठन र सामुदायिक संस्थाहरुलाई सम्झनु पर्छ।

परोहा नगरपालिका
वडा कार्यालय नं. ३
मोरङ, सुन कोशी प्रदेश
मधेश प्रदेश नेपाल

प्रमुख प्रशासकीय अधिकृत
परोहा नगर पालिका
मोरङ, नेपाल

(फ) "सेवाप्रदायक निकाय" भन्नाले स्थानीय तहमा सेवाप्रवाह गरिरहेको सरकारी कार्यालय, स्वास्थ्य चौकी, विद्यालय, श्रोत केन्द्र, प्रहरी चौकी तथा यस्ता अन्य निकायहरुलाई सम्झनु पर्छ ।

परिच्छेद २

उद्देश्य तथा सिद्धान्त

३. **उद्देश्यः** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेका छन् ।

(क) नेपालको संविधानमा उल्लेखित बालबालिकाको अधिकार तथा बालबालिका सम्बन्धी संघीय ऐन तथा प्रदेश ऐनमा भएका व्यवस्थाहरुको स्थानीय तहमा कार्यान्वयन गर्ने ।

(ख) स्थानीय तहमा बालमैत्री शासन, बालमैत्री संरचना, बालमैत्री प्रक्रियाको अवलम्बन तथा प्रवर्धन गर्ने ।

(ग) बालबालिका माथि हुने सबै प्रकारका हिंसा, दुर्व्यवहार, शोषण, अवहेलना वेवास्ताको अन्त्यका लागि बहुपक्षीय समन्वय तथा सहकार्य स्थापित गर्ने ।

(घ) बालबालिकाकोअर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ।

(ङ) बाल अधिकार संरक्षण र सम्बर्धनका लागि सरकारी, गैरसरकारी र अन्य सरोकारवालाहरु बीच समन्वय सहकार्य र साझेदारी स्थापना गर्ने ।

(च) बालबालिकाको अभिलेख (घटना व्यवस्थापन, सूचा, तथ्यांक आदि) व्यवस्थापन गर्ने ।

परिच्छेद ३

बालअधिकारको संरक्षण तथा सम्वर्धन गर्ने

४. **बालअधिकारको संरक्षण गर्नु पर्नेः** १) बालअधिकारको संरक्षण तथा सम्वर्धन गर्नु नगरपालिकाको दायित्व हुनेछ ।

२) बालबालिकाको स्वस्थ्यजीवन तथा बाच्न पाउने अधिकारको कार्यान्वयन नगरपालिकाले देहाय अनुसार गर्नेछ :

(क) बालबालिकाको स्वस्थ्यजीवनको लागि आमा तथा बच्चा दुवैको नियमित स्वास्थ्य परिक्षणलाई प्राथमिकतामा राख्नेछ ।

(ख) सुत्केरी हुनु भन्दा पहिला गर्भवतीमहिलाको र सुत्केरी भै सकेपछि आमा बच्चा दुवैको स्वास्थ्य परिक्षणका लागि प्रोत्साहन गर्नेछ ।

परोहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय, पुष्पा लहा ढकरहट, रुपा सिंहा, मधेश प्रदेश नेपाल

प्रमुख प्रशासकीय अधिकृत नगर प्रमुख परोहा नगरपालिका लोकहा

(ग) गर्भवतीमहिलालाई स्वास्थ्य संस्थामा सुत्केरी गराउन प्रोत्साहन गर्नेछ ।

(घ) राष्ट्रिय खोप तालिका बमोजिमको खोप सेवा सबै बालबालिकाको पु पुर्याउनेछ ।

(ङ) स्वास्थ्य संस्थाहरुले अनिवार्य रुपमा महिनाको कम्तीमा एक पटक निःशुल्क औ र परिक्षण सुविधा सहितको विद्यालय स्वास्थ्य शिविर सञ्चालन गर्नेछन् ।

(च) निजी स्वास्थ्य संस्थाहरुले नगरपालिका भित्रको कुनै एक सार्वजनिक विद्याल एक सामुदायिक वस्तीलाई आफ्नो सेवा क्षेत्र मानी निशुल्क औषधि तथा उ सेवा प्रदान गर्नेछन् ।

(छ) प्रत्येक विद्यालय परिसरलाई पर्खाल वा घेरबार लगाई अबाञ्छित व्यक्ति चौपायाको प्रवेश रोक्नेछ ।

(ज) विद्यालय क्षेत्रको १०० मिटर वरिपरिको बाटोमा सवारी साधनको गति अधिक २० कि.मि. प्रति घण्टा तथा हेर्न निषेधित क्षेत्र कायम गर्नेछ ।

(झ) सामुदायिक तथा सरकारी स्वास्थ्य केन्द्रबाट न्यूनतम वार्षिक २ पटक खोप, पो तथा मातृशिशु स्याहार सम्बन्धी कार्यक्रम वस्ती तथा विद्यालय स्तरमा सञ्च गर्न लगाउनेछ ।

ञ) स्वास्थ्य कार्यकर्ता, महिला स्वास्थ्य स्वयं सेविका र विद्यालय स्वास्थ्य न बालअधिकार, बालसंरक्षण, बालसुरक्षाका विषयमा प्रशिक्षित तथा परिचालन गर्ने

ट) बालाबलिकाका लागि अस्वस्थकर र हानिकारक भनी प्रमाणित गरिएको खेलौना खाद्यपदार्थहरु बजारमा विक्री वितरण गर्न रोक लगाउनेछ ।

(ठ) भुकम्प, बाढी पहिरो, आगलागी, वन्यजन्तुको आक्रमण, डुवान जस्ता जोखि बढी प्रभावित हुने क्षेत्रमा बालबालिकाको सुरक्षाका लागि विशेष ध्यान दिनेछ।

(ड) कुनै पनि विद्यालयको २०० मिटरको दुरी भित्र मदिरा चुरोट तथा सुर्ति लगायतका सामग्री बिक्री वितरण तथा उपभोग गर्न रोक लगाउने छ ।

(ढ) विद्यालय परिसर वरपर कुनै पनि चलचित्र, मादकपदार्थ, चुरोट, रक्सी तथा अश्ल साहित्यसँग सम्बन्धित तस्वीर, होर्डीङ बोर्ड, पोस्टर पम्प्लेट लगायतका प्रचार गर्न रोक लगाउने छ ।

(ण) १८ वर्षभन्दा कम उमेरका बालबालिकालाई सुर्ती, चुरोट तथा मदिराजन्य प अश्लील साहित्य तथा सामाग्री विक्री वितरण गर्न निषेध गर्नेछ ।

(त) स्थानीय चाडपर्व, विवाहभोज, मेला आदिमा बालबालिकाको सुरक्षालाई प्राथमिकतामा राख्नेछ ।

परोहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मिलन, पूजा तथा पेशकट शाखा
लोकाहा, नेपाल
मधेश प्रदेश नेपाल

प्रमुख प्रशासकीय अधिकृत
नगर प्रमुख
परोहा नगरपालिका
लोकाहा, नेपाल

३) स्थानीय तहमा सेवा प्रवाह गरिरहेका विद्यालय, बालबालिकासंग प्रत्यक्ष काम गर्ने प्रत्येक सार्वजनिक निकाय तथा निजी क्षेत्र एवम् सामाजिक संस्थाहरुले बालबालिका विरुद्धको हिंसा वा बाल यौन दुर्व्यवहार रोकथाम गर्न, बालबालिकाको संरक्षण सुनिश्चित गर्न र उजुरीको तत्काल कारवाहीको लागि संस्थागत तहमा बाल संरक्षण मापदण्ड निर्माण गरी लागू गर्ने अनिवार्य व्यवस्थाको लागि नगरपालिकाले सहजीकरण गर्नेछ ।

४) नगरपालिकाले बालबालिकाको संरक्षणका लागि देहायकाउपायहरु अवलम्बन गर्नेछ:

(क) विद्यालयमा अवाञ्छित राजनीतिक गतिविधि, हस्तक्षेप तथा बालबालिका एवम् शिक्षकहरुको दलगत परिचालनमा निषेध गरिनेछ ।

(ख) प्रचलित कानून बाहेक बिना कारण विद्यालय उमेरका बालबालिकालाई विद्यालयमा भर्ना हुनबाट रोक्न वा विद्यालयबाट निश्कासन गर्न नपाइने व्यवस्था लागू गरिनेछ ।

(ग) विद्यालयमा शिक्षक, विद्यार्थी, प्रशासक एवम् अभिभावक तथा आगन्तुकहरुले बालबालिका बीच कुनै पनि भेदभाव, शारीरिक तथा मानसिक एवम् यौन हिंसा र दुर्व्यहार, अवहेलना गर्न निषेध गरिने छ ।

(घ) प्रत्येक विद्यालयमा सफा पिउने पानी, शौचालयमा पर्याप्त पानीको व्यवस्था, किशोरीका लागी महिनावारी प्याड तथा प्रारम्भिक उपचार बाकसको व्यवस्था गरिने छ ।

(ङ) विद्यालयमा बालबालिका विरुद्ध हुने सबै प्रकारका हानीको न्यूनीकरण तथा भय रहीत शिक्षण सिकाइका लागि बालक्लबको रचनात्मक प्रयोग गरिनेछ ।

(च) बालबालिका विरुद्ध हुने हिंसा, दुर्व्यवहार, शोषणको अन्त्यका लागि समुदायमा आधारित संरक्षण प्रणाली स्थापना गरी क्रियाशील बनाइने छ र प्रेषण प्रणालीलाई प्रभावकारी बनाइनेछ ।

(छ) विद्यालयमा शिक्षा तथा अन्य सुविधाका नाममा धार्मिक द्वेष फैलाउने, धर्म परिवर्तन गर्न लगाउने र फरक जात, समुदाय, सम्प्रदाय तथा संस्कृति प्रति द्वेष तथा घृणा जगाउने कार्य निषेध गरिनेछ ।

(ज) विद्यालयमा सम्बद्ध सरोकारवालाको आचारसंहिता बनाइ लागू गरिनेछ ।

(झ) नगरपालिका तथा वडा कार्यालयका जनप्रतिनिधि तथा कर्मचारीलाई अनिवार्य रुपमा बालअधिकार तथा बालमैत्री व्यवहार र बालमैत्री शासन अभ्यास सम्बन्धी प्रशिक्षण प्रदान गरिनेछ ।

(ञ) नगरपालिका तथा वडा कार्यालयहरुको विषयगत शाखाहरुको योजनामा बाल संरक्षण तथा प्रेषण प्रणाली सम्बन्धि योजना अनिवार्य रुपमा समावेश गरिनेछ ।

CamScanner

(ट) जोखिममा रहेका बालबालिकाको तत्काल उद्दार, संरक्षण तथा व्यवस्थापनका बाल हेल्पलाईन नं.१०९८ तथा हराएका, वेवारिस फेला परेका बालबालिकाको उद्दार तथा व्यवस्थापनका लागि बालबालिका खोजतलास सेवा केन्द्रको नं.१०

प्रचार प्रसार गरिनेछ ।

(ठ) नगरपालिका तथा वडा कार्यालयहरुले बालअधिकारको संरक्षण तथा सम्वर्धनका शिक्षा र स्वास्थ्यका बजेट अतिरिक्त अनिवार्य रुपमा पुँजीगत बजेटको १० प्र विनियोजन गर्ने व्यवस्था मिलाउनेछ ।

(ड) प्रत्येक वडामा न्यूनतम एक बालउद्यानको निर्माण तथा सञ्चालन गरिनेछ ।

(ढ) प्रत्येक वडामा एक बाल पुस्तकालय तथा बाचनलयको स्थापना तथा सञ्च गरिनेछ ।

(ण) नगरपालिका स्तरमा बाल सृजना केन्द्रको स्थापना गरिनेछ ।

(त) प्रत्येक परिवारले आफ्नो परिवारमा जन्मिएका बालबालिकाको जन्मदर्ता प्र कानून बमोजिम ३५ दिनभित्र गरि सक्नु पर्ने ब्यबस्था मिलाउनेछ ।

(थ) प्रत्येक परिवारले ३ देखि ४ वर्ष उमेरका बालबालिकालाई प्रारम्भिक बालवि केन्द्रमा र ५ देखि १७ वर्ष उमेरका बालबालिकालाई अनिवार्य विद्यालय भर्ना गर्ने नियमित विद्यालय पठाउने व्यवस्था मिलाउनेछ ।

(द) बालबालिकालाई लिङ्ग, जातजाति, रङ्ग, परिवारिक हैसियत तथा शारीरिक र यौ अवस्थाका आधारमा हुने भेदभावको अन्त्य गरिनेछ ।

(ध) बालविवाहलाई पूर्ण रुपमा अन्त्य गर्नका लागि बहुपक्षिय समन्वय तथा सह गरिनेछ ।

(न) सबै प्रकारको बालश्रमलाई निषेध गरिनेछ ।

(प) समुदायमा कसैले पनि बालबालिका विरुद्ध हिंसा, शोषण, दुर्व्यवहार गरेमा वा त घटना हुनलागेको थाहा भएमा नजिकको प्रहरी कार्यालय, वडा स्तरीय बालअधि समिति, बाल कल्याण अधिकारी, स्थानीय बालअधिकार समिति वा न्यायिक समि अनुसूचि..... बमोजिम उरुजी गर्ने परिपाटीको ब्यवस्था मिलाईनेछ । त्यस्ता उजुरी न्यायिक समितिले आवस्यक कारवाही गर्नेछ ।

५. **बालबालिकाको सर्वोत्तम हित कायम गर्ने** : १) नगरपालिकाका प्रत्येक निकाय, कल्याणअधिकारी, समाजसेवी, सामाजिक संघसंस्था तथा सेवा प्रदायक निकाय बालबालिकाको निम्ति काम गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनु प

६) **बालमैत्री संरचना तथा अभ्यासको सुनिश्चितता** : १) बालबालिका रहने बालबालिकालाई सेवाप्रदान गर्ने नगरपालिका भित्रका सबै सार्वजनिक निकाय, सा

पर्सा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
लौकाहा, रौतहट
मधेश प्रदेश नेपाल

प्रमुख प्रशासकीय अधिकृत
नगर प्रमुख

संघसंस्था तथा नीजि संस्थाले भौतिक संरचना निर्माण वा मर्मत सम्भार गर्दा बालमैत्री हुने गरी आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

२) बालबालिकाले प्रत्यक्ष सहभागी हुने र सेवा लिने निकायहरुको संरचना र व्यवहार बालमैत्री र बाल सुरक्षित भएको सुनिश्चित गर्न स्थानीयतहले मन्त्रालयले जारी गरेका मापदण्ड बमोजिम बालमैत्री अवस्थाको लेखाजोखा गर्नेछ ।

३) बालबालिकालाई सेवा प्रदान गर्ने निकायहरु बालमैत्री बनाउन नगरपालिकाले निर्देशन दिने, क्षमता विकास तथा सुधारकार्यका लागि सहायता प्रदान गर्न सक्नेछ ।

४) बालमैत्री र बाल सुरक्षित नभएका निकायहरुलाई सेवाप्रदान गर्नबाट बालमैत्री नभए सम्मका लागि नगरपालिकाले सेवाप्रदान गर्नबाट रोक लगाउन सक्नेछ ।

७. बालगृहको स्थापना तथा सञ्चालन: १) नगरपालिकाले आफ्नो भौगोलिक क्षेत्रमा फैला परेका विशेष संरक्षणका आवश्यकता भएका बालबालिकाको संरक्षण गर्ने प्रयोजनका लागि नगरपालिका भित्र बालगृह स्थापना र सञ्चालन गर्न सक्नेछ ।

२) बालगृहको स्थापना गर्नु पुर्व नगरपालिकाले ऐनको दफा ४९ (२) को खण्ड (क),(ख) र (ग) बमोजिम वैकल्पिक हेरचाहको स्थापना तथा प्रबर्द्धनलाई प्राथमिकता दिनेछ ।

परिच्छेद ४

बाल सहभागितातथाबालक्लब सञ्चालन

८. बाल सहभागिताको अभ्यास: (१) नगरपालिकाले आफ्नो धारणा बताउन सक्षम भएका बालबालिकालाई आफूलाई असर पर्ने विषयमा परिवार, समुदाय, विद्यालय, सार्वजनिक निकाय वा संस्था लगायतबाट गरिने निर्णय प्रक्रियामा बाल सहभागिकताको अभ्यासलाई प्रवर्धन गर्नेछ ।

२) उपदफा (१) बमोजिम बाल सहभागिता प्रवर्धनका लागि नगरपालिकाले देहायका उपायहरु अबलम्बन गर्नेछ:

(क) बालबालिकासँग सम्बन्धित नीतिनिर्माण, योजनातर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनको सन्दर्भमा बालबालिकाको सहभागिता प्रवर्धन गरिनेछ ।

(ख) बालबालिकाको सुरक्षा, शिक्षाको निरन्तरता सुनिश्चित गरी उनीहरुको स्वतन्त्र सहमतिमा रचनात्मक कार्यहरुमा सहभागी गराइनेछ ।

(ग) बालबालिकासँग सम्बन्धित सरोकारका विषयमा कानूनले निषेध गरेको बाहेक उनीहरुले माग गरेको सूचना बालमैत्री ढंगबाट निशुल्क प्रदान गरिनेछ ।

(घ) बालबालिकालाई शिक्षा प्राप्ति, क्षमता तथा सीप विकास, प्रतिभा प्रस्फुटन, बालबालिका स्वयम्को पहलमा बालबालिकाको हितका विषयमा सूचना सामग्री, भित्ते पत्रिका प्रकाशन र वितरण गर्न प्रोत्साहन र सहयोग गरिनेछ ।

ङ) बालक्लब, बाल संस्था तथा बालक्लब सञ्जाल दर्ताको लागि रीतपूर्वक निवेदनका आधारमा बालक्लब, बालसंस्था तथा बालक्लब सञ्जाल दर्ता गरी प्रमाणपत्र निशुल्क उपलब्ध गराइनेछ ।

(च) बालक्लब तथा बालक्लब सञ्जालको नवीकरणका लागि रीतपूर्वक परेका निवे आधारमा बालक्लब तथा सञ्जालको नविकरण गरिनेछ ।

(छ) आवधिक रुपमा अद्यावधिक गरिएको बालक्लब सम्बन्धी तथ्यांक तथा जानकारी स्थानीय बालअधिकार समिति, प्रदेश बालअधिकार समिति, बालअधिकार परिषदमा पठाइनेछ ।

३) नगरपालिकाले बाल सहभागिता प्रवर्धनका नाममा व्यक्ति, संस्था वा गार्ह निकायले देहायका कार्यहरु गर्नमा रोक लगाउनेछ ।

(क) बालबालिकाको अध्ययनमा नियमित रुपमा बाधा तथा अवरोध पुग्ने गरी का सञ्चालन गर्ने वा सहभागी गराइने छैन ।

(ख) बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, आध्यात्मिक, सामाजिक वि असर पुर्याउने खालका कुनै पनि गतिविधि वा कार्यमा बालबालिकालाई गराउने कार्यमा रोक लगाइनेछ ।

(ग) बालबालिकालाई आमाबुवा, विद्यालय लगायत कुनै पनि सरकारी निका गैरसरकारी संस्थाले र्‍याली, जुलुस, सभा आदीमा सहभागी गराउने कार्यलाई गरिनेछ ।

(घ) विद्यालय लगायतका सरकारी निकाय वा गैरसरकारी संस्थाले कानून वा बमोजिम आफूले गर्नुपर्ने काम बालबालिका वा बालक्लब वा संस्था वा सञ्जाल मार्फत गराउने कार्यलाई निरुत्साहित गरिनेछ ।

(ङ) परम्परागत हानिकारक अभ्यास गर्न वा सो अभ्यासमा सहभागी गराउने का निषेध गरिनेछ ।

९. बालक्लब वा संस्थादर्ता तथा नविकरण:- १) बालबालिकाले बालअधिकार सम्वर्धनका लागि बालक्लब वा संस्थादर्ता गर्न चाहेमा नगरपालिकामा देहायका सहित अनूसूचि १ बमोजिम निवेदन दिनु पर्नेछ ।

(क) बालक्लब वा संस्थादर्ता गर्न चाहने बालबालिकाको नाम, थर, उमेर, गरिरहेको कक्षा, ठेगाना र जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपी वा अ विद्यालय वा आश्रित बाल गृहको सिफारिस पत्र,

(ख) बालक्लब वा संस्थाको उद्देश्य तथा सो मार्फत गर्न चाहेका मुख्यकामको वि

प्रदेश नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सीकरा, पुवा तथा वडहरु
सीकरा, तिनहट,
मधेश प्रदेश नेपाल

प्रमाणित
नगर प्रमुख
सरोज नगरपालिका
सीकरा, तिनहट

(ग) बालक्लव वा संस्थाको सदस्यताको किसिम, सदस्यता लिने प्रक्रिया तथा कार्यसमितिमा रहने पदहरुको विवरण तथा निर्वाचित हुने प्रक्रिया र अवधि ,

२) उपदफा (१) बमोजिम निवेदन आएमा नगरपालिकाले बालक्लव वा संस्थादर्ता गरी अनुसूचि २ बमोजिमको प्रमाणपत्र दिनेछ ।

३) उपदफा (२) बमोजिम दर्ता भएको बालक्लव वा संस्थाले प्रत्येक वर्ष नगरपालिकामा देहायको विवरण खुलाई नविकरणको लागि निवेदन दिन सक्नेछ:

क) वर्षभरी आफुले गरेको मुख्य काम वा क्रियाकलापको सम्क्षिप्त विवरण,

ख) सदस्यहरु तथा कार्य समितिमा रहेका पदहरुको विवरण,

४) उपदफा (३) बमोजिम निवेदन आएमा नगरपालिकाले बालक्लव वा संस्थाको नवीकरण गरिदिनेछ ।

५) बालक्लव वा संस्थादर्ता वा नवीकरण गरे बापत कुनै शुल्क लिइने छैन ।

६) प्रत्येक बालक्लव तथा संस्थाले प्रत्येक वर्ष सम्पादन गरेका कार्यहरुको संक्षिप्त जानकारी प्रत्येक वर्षको फाल्गुण महिनाको मसान्तसम्म नगर बालअधिकार समितिमा पठाउनु पर्नेछ ।

७) नगर बालअधिकार समितिले बालक्लव एवम् संस्थाको वार्षिक जानकारीको संक्षिप्त विवरण प्रत्येक वर्षको बैशाख महिनाको मसान्तसम्म प्रदेश बालअधिकार समितिमा पठाउनु पर्नेछ ।

८) बालक्लव वा संस्थाले तीन वर्षसम्म नगरपालिकामा नवीकरण नगरेमा उक्त बालक्लव वा संस्था स्वतःखारेज हुनेछ ।

०) बालक्लव सञ्जालदर्ता तथा नविकरण:- १) नगरपालिकामा दर्ता भएका बालक्लव वा सस्थाहरुले नगरपालिका स्तरीय बाल सञ्जाल दर्ता गर्न चाहेमा देहायका विवरण सहित नगरपालिकामा निवेदन दिनु पर्दछ:

क) बालक्लव वा संस्थाहरुको दर्ता प्रमाणपत्रको प्रतिलिपि,

ख) बालक्लव वा संस्थाहरुले सञ्जालको रुपमा दर्ता गर्ने सामूहिक निर्णयको प्रतिलिपि,

ग) बालक्लव वा संस्थाहरुको सञ्जालको उद्देश्य र मुख्य क्रियाकलापहरु,

घ) बालक्लव वा संस्थाको सञ्जालमा प्रत्येक बालक्लव वा संस्थाबाट समानुपातिक प्रतिनिधित्वको विधि,

ङ) सञ्जालको सदस्य तथा कार्य समितिमा रहने पदाधिकारीको विवरण,

परोहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लिखा, पूजा तथा धनकट गाउँ
लौकाहा, रौतहट
मधेश प्रदेश नेपाल

शेख नकिल
नगर प्रमुख
परोहा नगरपालिका
लौकाहा, रौतहट

२) नगरपालिकामा दर्ता भएका बालक्लव वा संस्थाहरुले उपदफा (१) बमोजिम सञ्जाल स्थापना गर्न निवेदन दिएमा नगरपालिकाले सञ्जाल दर्ता गरी प्रमाणपत्र दि ।

३) नगरपालिकामा दर्ता भएका बाल सञ्जालले आफूले गरेको कामको संक्षिप्त वि सदस्यहरुको विवरण समेत खुलाई प्रत्येक दुई वर्षमा नगरपालिकामा नवीकरणको निवेदन दिनु पर्दछ ।

४) उपदफा (३) बमोजिमको निवेदन आएमा नगरपालिकाले बाल सञ्जलको नवी गरिदिनेछ ।

५) नगरपालिकाले बाल सञ्जाललाई व्यवस्थित गर्न नगरबालअधिकार समि सिफारिसमा वडा वा नगरपालिका स्तरमा बाल सञ्जाल निर्माण गरी व्यवस्थापन सक्नेछ ।

६) बाल सञ्जाल दर्ता र नवीकरण गरे बापत कुनै शुल्क लिइने छैन ।

७) बाल सञ्जालले ५ वर्षसम्म उक्त सञ्जालको नवीकरण नगरेमा स्वतःखारेज हुनेछ।

११. बालक्लवको वर्गिकरण : (१) नगरपालिकामा दर्ता हुने बालक्लवको वर्गीकरण सामान्य देहाय बमोजिमको हुनेछ:

क) समुदायमा आधारित बालक्लव

(१) नगरपालिकाको निश्चित भूगोल भित्रको टोल, बस्ती, बडाभित्र विद्यालय जा नजाने दुवै किसिमका बालबालिकालाई समेटेर वा निश्चित भौगोलिक क्षेत्र कार्यक्षेत्र बनाएर समुदायमा आधारित बालक्लव गठन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमका बालक्लबले नगरपालिकामा समुदायमा आधा बालक्लवको नाममा दर्ता गर्न सक्नेछन् ।

(३) उपदफा (१) बमोजिमका बालक्लवले सम्बन्धित भूगोल भित्रको सबै उमेर, जाति, आर्थिक हैसियत कमजोर भएका तथा अपाङ्गता भएका, बालश्रममा बालवालिकालाई समेट्ने र उनीहरुको उचित प्रतिनिधित्व तथा सहभागिता सुनिश्चित गर्नु पर्नेछ ।

(४) समुदायमा आधारित बालक्लबमा सदस्य बन्नका लागि उक्त क्षेत्रभित्र सामान्य महिना वा सो भन्दा बढी स्थायी वा अस्थायी बसोवास भएको हुनु पर्नेछ ।

(ख) विद्यालयमाआधारित बालक्लव:

(१) कुनै विद्यालयमा अध्ययनरत बालबालिकालाई समेटेर उक्त विद्यालय बालअधिकारको संरक्षण तथा प्रवर्धन गर्न विद्यालयमा आधारित बालक्लव गठन सकिनेछ ।

परोहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय शिक्षा, युवा तथा खेलकुद शाखा लोकाहा, तराई मधेश प्रदेश नेपाल

शेख अकिल
नगर प्रमुख
परोहा नगरपालिका
लोकाहा, रौतहट

(२) उपदफा (१) बमोजिमका बालक्लवले नगरपालिकामा विद्यालयमा आधारित बालक्लबको नाममा दर्ता हुन सक्नेछ ।

(३)उपदफा (१) बमोजिमको बालक्लवले सम्बन्धित विद्यालयमा अध्ययनरत सबै जातजाति, कक्षा, लिङ्ग, आर्थिक तथा शारिरीक अवस्था कमजोर बालबालिका तथा अपाङ्गता भएका बालबालिकाको उचित प्रतिनिधित्व र सहभागिता सुनिश्चित गरेको हुनु पर्नेछ ।

(४) विद्यालयमा आधारित बालक्लबको सञ्चालन, व्यवस्थापन तथा मार्गदर्शनका लागि एक जना संरक्षक शिक्षक विद्यालय प्रशासनले तोक्न सक्नेछ ।

(ग) विषयगतबालक्लवः

(१) समुदायमा लुकेर रहेको वा समुदायमा प्रर्याप्त रुपमा सम्बोधन हुन नसकेको विशिष्ट विषयहरु जस्तै बालबालिकाको मात्र सवाल, बालविवाह, स्वास्थ्य तथा सरसफाई, जलवायु परिवर्तन, बालश्रम, एच.आइ.भी तथा एड्स जस्ता विषयहरुमा कार्य गर्न समुदायमा विशिष्ट ढंगले विषयगत बालक्लव गठन गर्न सकिनेछ ।

(२) विषयगत बालक्लव विद्यालय तथा समुदायमा आधारित बालक्लवको उपसमूहको रुपमा समेत गठन गर्न सकिनेछ ।

(घ) बालगृह वा बाल सुधार गृहमा आधारित बालक्लवः

(१) बालगृह वा बाल सुधार गृहमा रहेका बालबालिकाको अधिकार संरक्षण तथा सम्बर्धनका लागि बालगृह वा बाल सुधार गृहमा आधारित बालक्लव गठन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको बालक्लवले सम्बन्धित बालगृह वा सुधार गृहमा रहेका सबै जातजाती, कक्षा, लिङ्ग, आर्थिक तथा शारिरीक अवस्था कमजोर बालबालिका तथा अपाङ्गता भएका बालबालिकाको उचित प्रतिनिधित्व र सहभागिता सुनिश्चित गरेको हुनु पर्नेछ ।

(३) बालगृह वा सुधार गृहमा आधारित बालक्लवको सञ्चालन, व्यवस्थापन, तथा मार्गदर्शनका लागि गृह प्रमुखले एक जना संरक्षक शिक्षक वा सहजकर्ता तोक्न सक्नेछ ।

(४) बालक्लवका वार्षिक गतिविधिहरुको सामान्य जानकारी सम्बन्धित बाल गृह वा बाल सुधार गृहले नगर बालअधिकार समिति र नगरपालिकामा उपलब्ध गराउनु पर्दछ ।

१२. बालक्लवको काम, कर्तव्य र अधिकारः (१) बालक्लवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

परोहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
भोकाहा, सैनहट
मधेश प्रदेश नेपाल

शेखर पौडेल
नगर प्रमुख
परोहा नगरपालिका
भोकाहा सैनहट

(क) क्लबमा आबद्ध सदस्य सहित १८ वर्ष मुनिका सबै बालबालिकाको क्षमता वि अभिवृद्धि हुने खालका हाजीरी जवाफ, वक्तृत्वकला, निबन्ध लेखन, गीति गतिविधि आदि सञ्चालन गर्ने ,

(ख) बालबालिका, उनीहरुका अभिभावक र परिवारका अन्य सदस्यह बालअधिकारको बारेमा सचेत गराउने,

(ग) सिकाइ प्रकृयामा बाल सहभागिता अभिवृद्धि गर्दै बालबालिकामा अन्तर्नि प्रतिभाको प्रस्फुटन गर्ने गराउने ।

(घ) बालबालिकालाई जीवनपयोगी सीपको बारेमा जानकारी गराउने,

(ङ) बालक्लबलाई बालबालिकामा रचनात्मकता र नवीन कौशल विकास गर्ने साझा स्थलको रुपमा स्थापित गराउने,

(च) बालबालिकाको कक्षा कोठाको सिकाइलाई वास्तविक जीवनमा रुपान्तरण गर्न साधनको रुपमा बालक्लबलाई परिचित गराउने,

छ) स्वास्थ्य, सरसफाई र वातावरणका क्षेत्रमा सामुदायिक सचेतनाका गतिवि सञ्चालन गर्ने,

(ज) बालबालिकाको कल्याण र अधिकार सुनिश्चित गर्न स्थानीय तहमा वि कार्यक्रमहरु आयोजना गर्ने,

झ) कला, साहित्य, सामाजिक सद्भाव, मातृभाषा, मातृ सस्कृति र शिक्षाको सम्र लागि आवाज उठाउन, र सामाजिक कुरिति तथा बालअधिकार उल्ल घटनाहरुको बिरुद्ध रचनात्मक आवाज उठाउने,

(ञ) विद्यालय भर्ना हुने उमेर समुहका बालबालिकाहरु विद्यालय भर्नाबाट बञ्चि नरहेको बारेमा निरन्तर अनुगमन गर्ने र विद्यालय नगएका बालबालिक विद्यालय भर्ना गर्नका लागि सम्बन्धित बडा कार्यालयसँग समन्वय गरि वि भर्ना गर्ने व्यवस्था मिलाउने,

ट) नगरपालिका तथा आफ्नो बडाभित्रका टोलविकास संस्थाहरुले सञ्चालन जनचेतना मुलक कार्यमा सकृय सहभागिता जनाउने,

ठ) बालमैत्री शासन प्रवर्द्धनका लागि निर्धारित सुचकहरु कार्यान्वयनमा सदैव अ रही बालमैत्री वडा वापालिका अभियानमा नगरपालिका तथा वडालाई वि सहयोग गर्ने,

ड) पूर्ण साक्षर, पूर्ण खोप, पूर्ण घटना दर्ता, पूर्ण सरसफाई आदि अभियानमा पा वडा तथा टोलविकास संस्थाहरुलाई सहयोग गर्ने,

(२) उपदफा (१) माजुन सुकै कुरा लेखेको भएता पनि बालक्लव, बालसंस्था तथा बाल सञ्जालले देहाय बमोजिमका कार्यहरु गर्न गराउन निषेध गरिएकोछ ।

(क) कुनै राजनीतिक दल वा त्यसको भातृ संगठनका पक्षपोषण वा विरोध गर्न,

(ख) समुदायको सार्वजनिक वा निजी सम्पत्ति दुरुपयोग तथा कसैको जीउज्यान माथि क्षति पुर्याउन,

(ग) समुदायका निश्चित जातजाति, धर्म, क्षेत्र वा पेशाकर्मी प्रति गलत भावना र दृष्टिकोण सम्प्रेषण गर्न,

(घ) हिंसा र दुर्व्यवहार पीडित तथा प्रभावित बालबालिकाको गोपनीयता भंगहुने र पहिचान खुल्ने गतिविधिहरु गर्न,

(ङ) सांस्कृतिक कार्यक्रम बाहेक रातको समयमा र आफ्नो विद्यालय, बालगृह वा समुदाय भन्दा बाहिर गएर गरिने गतिविधि तथा कार्यक्रमहरुमा सहभागी हुन तर प्रतिस्पर्धा, अवासीय तालिम वा आयोजकहरुले उचित सुरक्षा प्रबन्ध गरेको अवस्थामा भने समुदाय, बालगृह वा विद्यालय भन्दा बाहिर गएर कार्यक्रम गर्न सकिनेछ ।

(च) उचित सुरक्षाको प्रबन्ध र आवस्यक पूर्व अनुमति बेगर जीउज्यानमा खतरा पुग्ने साहसिक खेलहरु खेल्न खेलाउन,

(छ) बाल समूह कोष निर्माण वा आय आर्जनका लागि बालश्रम तथा कुनै पनि व्यापार, व्यवसाय गर्न,

(ज) सामाजिक रुपमा अस्वीकार्य तथा नकारात्मक सामाजिक प्रभाव पार्ने कार्यहरु गर्न गराउन,

(झ) आर्थिक जिम्मेवारीहरु लिई कार्यहरु गर्न,

(ञ) सामाजिक शान्ति सुव्यवस्था तथा सुरक्षामा नकारात्मक असर पर्ने देखिएमा वा अन्य उपयुक्त कारण दर्साई नगर बालअधिकार समितिको परामर्शमा सुरक्षा निकाय वा नगरपालिका वा विद्यालयले रोक लगाएका कार्यहरु गर्न गराउन

१३. बाल सञ्जालको काम कर्तव्य र अधिकारः- (१) बालक्लव सञ्जालको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) आफ्नो क्षेत्रभित्रका बालक्लवहरुको अभिलेख राख्ने तथा बालबालिकाका लागि उपयोग हुने पुस्तकालय वा सूचना केन्द्र स्थापना र सञ्चालन गर्ने,

परोहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकूद शाखा
लौकाहा, रौतहट
मधेश प्रदेश नेपाल

शेख वकील
नगर प्रमुख
परोहा नगरपालिका
लौकाहा रौतहट

(ख) आवद्ध बालक्लवहरुको गतिविधि सञ्चालन गर्न सञ्जाललाई वडा, नगरपालिका अन्य सहयोगी संस्थाहरुबाट प्राप्त आर्थिक सहयोग उपलब्ध गराउने,

(ग) बालक्लवहरुले सञ्चालन गरेका कार्यक्रमहरुमा अतिथिको रुपमा उपस्थित बालक्लवका अन्य साथीहरुलाई हौसला प्रदान गर्ने । तर, यस्ता किसिमका गतिविधि सञ्चालन गर्दा आफ्ना तथा अन्य साथीहरुको पढाइलाई असर नपर्ने गरी विद्या फुर्सदको दिनमा कार्यक्रम गर्न उत्प्रेरित गर्ने ।

(घ) बाल अधिकारसँग सम्बन्धित विशेष अभियान तथा कार्यहरु बालक्लवहरु प्रभावकारी रुपले सम्पन्न गर्न विभिन्न उपसमितिहरुको गठन गरी सञ्जाल पदाधिकारीहरुका बीचमा कार्यबिभाजन गरी काम गर्न सकारात्मक वातावरण बनाउ

(ङ) नगरपालिकाले स्थानीय स्तरमा बालबालिकाको अधिकारसँग सम्बन्धित योजना तर्जुमा कार्यान्वयन र मूल्याङ्कनका सम्पूर्ण चरणहरुमा सञ्जालबाट प्रतिनिधित्वको माग गर्ने साथै अन्य बालक्लवको तर्फबाट सक्रिय सहभागिता जनाउने ।

च) स्थानीय स्तरमा बालबालिका माथिहुने सबै किसिमका दुर्व्यवहार, हिंसा, हेला, हेप सामाजिक कुरिति र विभेद जस्ता बालअधिकार हननका घटनाका विरुद्ध सम्बन्धित सरोकारवाला पक्षहरुको ध्यान आकृष्ट गराउने, सहकार्य र समन्वय गर्ने ।

छ) बालक्लवहरुले आयोजना गर्ने कार्यक्रमका लागि आवस्यक स्रोतहरुको खोजी र सञ्जालले सहयोग माग गर्ने तथा कार्यक्रम सम्पन्न गर्न अन्य निकायहरुसँग समन्वय गर्ने ।

ज) आफ्नो कार्य क्षेत्रमा सञ्चालन भएका विद्यालय भर्ना, जन्मदर्ता, बालविवाह, बाल वातावरण, खुलादिसामुक्त क्षेत्र, बालमैत्री स्थानीय शासन, विद्यालयमा भयरहित शिक्षा सिकाइको सम्बन्धमा बालबालिका सँगसँगै गर्ने अभियानहरुमा बालसञ्जालको तर्फबाट सक्रिय सहभागिता जनाउने ।

झ) बालक्लब तथा बाल अधिकारको क्षेत्रमा कार्यरत् अन्य संघ सस्था र सरोकारवालाहरुबीच आपसी समझदारी र समन्वयको वातावरण तयार गर्ने ।

ञ) आफ्नो क्षेत्रभित्र रहेका बालक्लवहरुले सम्पन्न गरेका क्रियाकलापको संक्षिप्त प्रतिवेदन माग गर्ने तथा सो को अभिलेख राख्ने तथा नगर बाल अधिकार समितिमा पेश गर्ने ।

ट) बालक्लवहरु बीच आपसी समन्वय, सहकार्य बढाउने तथा सबालहरुको सामूहिकीकरण गर्ने र एक आपसबाट सिकाइका अवसर सृजना गर्ने ।

१४. बालबालिकाको संस्थावा सञ्जालको कामकर्तव्य तथादायित्वः- (१) बालक्लव, बाल संस्था वाल सञ्जालका सबै उमेर, लिङ्ग, जातजाति, अपाङ्गता लगायत स्थानीय समाजका विविधतालाई प्रतिविम्ब गर्ने गरी समावेशी हुनुपर्छ ।

शेखर शर्मा
नगर प्रमुख
परोहा नगरपालिका
लोकहा, रौतहट

तर यस व्यवस्थाले बालिकाहरु मात्र सदस्य रहन सक्ने गरी विशिष्टिकृत बालक्लव वा संस्था सञ्चालन गर्न रोक लागएको मानिनेछैन ।

(२) बालक्लव, संस्था वा सञ्जालको सदस्यता विधानमा तोकिएको प्रक्रिया बमोजिम योग्य बालबालिका वा निजको संस्थाले सदस्यता लिन पाउने गरी खुल्ला गर्नुपर्नेछ ।

(३) बालक्लव, संस्था र सञ्जालको नेतृत्व वा यसका क्रियाकलापहरुमा बढि भन्दा बढि बालबालिकालाई अवसर पाउने गरी सञ्चालन गर्नुपर्नेछ ।

(४) बालक्लव, संस्था र सञ्जालका पदाधिकारीहरुले दुई कार्यकाल भन्दा बढि पदमा निरन्तर नबसी क्रमशः अर्का बालबालिकालाई नेतृत्वको अवसर प्रदान गर्नुपर्दछ ।

(५) बालक्लव, संस्था र सञ्जालको सदस्यता लिन वा सञ्जालमा प्रतिनिधित्व गर्न कुनै बालक वा बालिकालाई बाध्यपार्न हुदैन ।

(६) बालक्लव, संस्था र सञ्जालले आफ्ना क्लव वा सञ्जालका सदस्यहरुको हितहुने र दीर्घकालसम्म फाइदा पुग्ने कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

(७) बालक्लव, संस्था र सञ्जालले दलिय राजनीतिक कार्यक्रममा सहभागी हुने वा त्यसको समर्थन र विरोध गर्ने कार्यक्रम सञ्चालन गर्नुहुदैन । तर राजनैतिक विचारधारा र दृष्टिकोणका विषयमा बहस र छलफल सञ्चालन गर्न यस नियमले बाधा पुर्याएको मानिने छैन ।

१५. बालक्लबतथाबाल सञ्जालको स्थानीय स्तरको भेलाः- (१) सार्वजनिक निकाय वा संस्थाले बालबालिकाको सुरक्षा र संरक्षणको सुनिश्चितता गरी बालक्लव वा संस्था वा बाल सञ्जालको वडा, नगरपालिका स्तरको भेला आयोजना गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिमको भेलाका आयोजकले सहभागी हुने प्रत्येक बालबालिका, बालबालिकाको आमाबाबु, संरक्षक वा माथवरसँग अनुमतिलिई लिखित मन्जुरीनामामा हस्ताक्षर गराउनु पर्दछ ।

(३) उपदफा (१) बमोजिमको भेला आयोजना गर्दा बालबालिकाले राती बास बस्ने गरी जानुपर्ने भएमा बालबालिकालाई परिवार वा संरक्षकको जिम्मा लगाई पठाउनु पर्नेछ । तर बालिकाको हकमा महिलाको साथ लगाइ पठाउनु पर्नेछ ।

१६. बालक्लबवा संस्थावाबाल सञ्जालको आर्थिक दायित्वः- (१) बालक्लव वा संस्था र बाल सञ्जालले कुनै पनि किसिमको आर्थिक कारोवार गर्नु हुँदैन र अन्य कुनै व्यक्ति वा संस्थाले बालक्लव वा संस्था र बाल सञ्जाललाई आर्थिक दायित्वदिन हुँदैन ।

(२) बालक्लव वा संस्था र बाल सञ्जालसँग सहकार्य गर्दा सहकार्य गर्ने संस्थाले आर्थिक दायित्व व्यहोर्ने गरी सञ्चालन गर्नुपर्नेछ ।

परोहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जिला, पूर्वा तथा खैमदह गाउँ
लौकाहा, रौतहट
मधेश प्रदेश नेपाल

शेख वकिल
नगर प्रमुख
परोहा नगरपालिका
लौकाहा, रौतहट

(३) बालक्लब वा संस्था र बाल सञ्जालले आफ्नो संस्थाको आर्थिक दायित्व सञ्चाल कुनै व्यक्ति वा संस्थालाई जिम्मेवारी दिन सक्नेछन् ।

(४) यसरी जिम्मेवारी पाएको संस्थाले प्रचलित कानून बमोजिम सामाजिक संस्थाले लेखा प्रणाली बमोजिम संस्थाको लेखा राख्नुपर्नेछ ।

परिच्छेद ५

स्थानीय बाल अधिकार समिति सम्बन्धी व्यवस्था

१७. स्थानीयबालअधिकार समितिको गठनः- (१) नगरपालिकामा देहाय बमोजिमको सदस्य रहने गरी एक नगर बाल अधिकार समिति गठन गरिनेछ ।

क) पालिका उपप्रमुखले तोकेको नगर कार्यपालिकाको सदस्य - प्रमुख

ख) नगर पालिकाले तोकेको महिला वडा सदस्य सहित २ जना - सदस्य,

ग) माध्यमिक विद्यालयका प्रधानाध्यापक वा सम्पर्क शिक्षक मध्ये १ जना, समाजसेवी वा सामाजिक कार्यकर्ता, बालमनोविज्ञ, चिकित्सक मध्ये १ जना जम्मा ३ जना- सदस्य

घ) नगरपालिकाको बालबालिका शाखा प्रमुख, शिक्षा प्रमुख र स्वास्थ्य शाखा प्रमुख ३ जना - सदस्य

ङ) नगरबालक्लव सञ्जालले तोकेको एकजनाबालिका सहित २ जना - सदस्य

च) स्थानीय प्रहरी प्रमुख, नेपाल प्रहरी - सदस्य

छ) बालअधिकार, बालसंरक्षण, बालकल्याण, शिक्षा, स्वास्थ्य तथा बालन्यायका कार्यअनुभव भएका व्यक्ति वा संस्था मध्येबाट नगरपालिकाले मनोनयन कम्तीमा १ जना महिला सहित २ जना - सदस्य

ज) बाल कल्याण अधिकारी - सदस्य सचिव

(२) उपदफा (१) को खण्ड ख र छ बमोजिम मनोनित सदस्यको पदावधी ४ वर्षको र खण्ड (छ) बमोजिम सदस्यमा मनोनयन हुनको लागि देहाय बमोजिमको योग्यता भएको हुनुपर्नेछ ।

क) नेपाली नागरिक

ख) २१ वर्ष उमेर पूरा भएको

ग) नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय नपाएको

१८.नगर बालअधिकार समितिको काम, कर्तव्य र अधिकारः- (१) नगर बालअधिकार समिति काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

CamScanner

क) समितिको दीर्घकालिन नीति, योजना र वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने

ख) बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवधर्न र परिपूर्तिका लागि आवस्यक स्थानीय नीति, कानून, योजना, कार्यक्रम र संस्थागत संयन्त्रको व्यवस्था गर्न स्थानीय तहलाई सुझाव दिने,

ग) स्थानीय तहद्धारा सञ्चालित बालबालिका सम्बन्धी कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा समिक्षा गरी सुझाव दिने,

घ) स्थानीय तह भित्र हुन सक्ने बालविवाह, बालश्रम, शारीरिक तथा मानसिक पीडा तथा बाल यौन दुर्ब्यबहार जस्ता सबै प्रकारका बाल हिंसाको रोकथाम, निषेध र नियन्त्रण तथा सडक बालबालिकाको उद्धार, पुनःस्थापन, संरक्षण र व्यवस्थापनमा समन्वय, सहयोग र सहजीकरण गर्ने ,

ङ) आफ्नो नगरपालिकाभित्रका वडा, विद्यालय, संरचनालाई बालमैत्री बनाउन आवस्यक मापदण्ड तर्जुमा गर्ने गराउने,

च) बालमैत्री स्थानीय शासनको अबलम्बनका साथै बालमैत्री वडा तथा पालिका घोषणाको नेतृत्व लिने,

छ) बालअधिकार संरक्षण तथा प्रवर्धन गर्ने सम्बन्धमा सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने गराउने,

ज) स्थानीय तहमा एक आर्थिक वर्षमा बालबालिका सम्बन्धी भए/गरेका कार्यहरु र बालबालिका तथा बालअधिकारको अबस्था समेट्ने गरी बालबालिका सम्बन्धी स्थानीय बार्षिक प्रतिवेदन स्थानीय कार्यपालिकाको स्वीकृति लिई प्रत्येक आर्थिक वर्ष समाप्त भएको २ महिनाभित्र सार्वजनिक गर्ने, वेवसाइटमा राख्ने, समिति तथा स्थानीय तहमा सुरक्षित राख्ने, र सो को एक/एक प्रति प्रदेश समिति, प्रदेश मन्त्रालय, परिषद र मन्त्रालयमा पठाउने,

झ) बालबालिका सम्बन्धी स्थानीय तथ्याङ्क विवरण संकलन, अभिलेखीकरण, तथा सूचना प्रणालीको विकास, सञ्चालन, ब्यवस्थापन र सुदृढीकरणमा सहयोग गर्ने ।

ञ) समितिको सचिवालय, जनशक्ति र आर्थिक स्रोत साधनको ब्यवस्था मिलाउने, परिचालन गर्ने, तालिम दिन तथा क्षमता अभिवृद्धि गर्न समन्वय र सहयोग गर्ने,

ट) स्थानीय तह मार्फत नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिई बाल संरक्षण तथा बालअधिकार प्रवर्धनका लागि द्विपक्षिय तथा बहुपक्षीय विकास साझेदार एवम् अन्तराष्ट्रिय संघ संस्थाबाट प्राप्त सहायताबाट आवस्यकता अनुसार कार्यक्रम सञ्चालन गर्ने,

प्रोखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
लोकाहा, रौतहट
मधेश प्रदेश नेपाल

प्रोखा नगरपालिका
नगर प्रमुख
लोकाहा, रौतहट

CamScanner

ठ) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको स्वीकृत योजना, वार्षिक नीति कार्यक्रम अनुकूल प्राथमिकता निर्धारण गरी बालसंरक्षण तथा बालअ प्रवर्धनका लागि विशेष अभियान सञ्चालनमा सहयोग गर्ने,

ड) स्थानीय तहमा बालबालिका खोजतलास नं १०४ तथा बाल हेल्पलाइन सेवा सञ्चालन सेवा अभिवृद्धिमा समन्वय, सहयोग र सहजीकरण गर्ने,

ढ) धर्मपुत्र धर्मपुत्री लिन दिन चाहने दम्पत्ति तथा व्यक्तिलाई समितिमा सूचिकृ आन्तरिक धर्मपुत्र धर्मपुत्री लिने दिने व्यवस्थालाई सहजिकरण गर्ने

ण) विशेष संरक्षणको आवस्यकता भएका तथा अनाथ बालबालिकालाई धर्मपुत्र ध लिने दिने, संरक्षक र माथवर नियुक्त गर्न स्थानीय तह र अदातललाई सहयोग

त) प्रचलित ऐन, कानून तथा मापदण्ड बमोजिम सञ्चालन हुन नसकेका बाल बाल सुधार गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुनःस्थापना केन्द्र सामाजिकीकरण केन्द्र बन्द तथा कारबाही गर्न सुझाव तथा प्रतिवेदन मन्त्रालयमा सिफारिस गर्ने,

थ) नगरपालिका भित्र हुन सक्ने बाढी, पहिरो हुरी बतास, शीतलहर र आगो प्राकृतिक प्रकोप, मानवबाट सिर्जित संकट तथा अन्य महामारीबाट बालबालि तत्काल आकस्मिक उद्धार, संरक्षण तथा व्यवस्थापनमा सहयोग गर्ने

द) नगरपालिका भित्र सञ्चालित बालगृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुनःस केन्द्र लगायतमा आश्रित बालबालिकाको समग्र स्थिति र उपलब्ध सेवाको गु तथा प्रभावकारिताका सम्बन्धमा अनुगमन तथा निरिक्षण गर्दा प्राप्त विवरण देहायका कुराहरुको समेत जाँचबुझ गरी सोको एक/एक प्रति वार्षिक प्रति आर्थिक वर्ष समाप्त भएको दुई महिना भित्र प्रदेश समिति, प्रदेश मन्त्रालय, र मन्त्रालयमा पठाउने

१) बालबालिकाको वैयक्तिक विवरण अद्यावधिक गरी राखेको छ वा छैन

२) बालबालिकालाई नियमित रुपमा शिक्षा तथा तालिम प्रदान गरिएको छैन

३) बालक्लव गठन गरी बालबालिकालाई खेलकूद, मनोरञ्जन तथा सा कार्यक्रम लगायतका बाल सहभागिकता जस्ता अन्यक्रियाकलापमा गराइएको छ कि छैन

४) बालबालिकालाई प्रचलित ऐन, कानून तथा मापदण्ड बमोजिमको प्रदान गरिएको छ वा छैन

परोहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
परोहा, रौतहट
मधेश प्रदेश

प्रमुख प्रशासकीय अधिकृत
नगर प्रमुख
परोहा नगरपालिका
लौकाहा, रौतहट

५) बालगृह, अस्थायी संरक्षण सेवा केन्द, पुनःस्थापना केन्द्र तथा समाजिकीकरण केन्द्रमा बालमैत्री व्यवहार तथा वातावरण कायम गरिएको छ वा छैन

६) बालगृहमा आश्रित बालबालिका वैकल्पिक हेरचाहको व्यवस्थाको प्राथमिकतानुसार अन्तिम विकल्पको रुपमा बाल कल्याण अधिकारबाट व्यवस्था मिलाइ राखिएको छ कि छैन

७) व्यवस्थापन पक्ष तथा बालबालिकाले प्रचलित ऐन, कानून वा मापदण्डको पालन गर्नु पर्ने कुराहरु पालना गरेकोछ वा छैन

८) उपलब्ध स्रोत साधनलाई मध्यनजर गरी बालबालिकाको सर्बोत्तमहितलाई ध्यान दिएको छ वा छैन

९) बाल संरक्षण मापदण्ड निर्माण गरी लागू गरिएको छ वा छैन

२) समितिले उपदफा (१) बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये केही अधिकार आवश्यकता अनुसार बालकल्याण अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१९. **नगरबालअधिकार समितिको बैठक सम्बन्धीब्यवस्थाः-** नगर बालअधिकार समितिको बैठक सम्बन्धी कार्यविधि देहाय बमोजिम निर्धारण गरिएको छः-

१) समितिको बैठक कम्तीमा वर्षको चार पटक प्रमुखले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

२) प्रमुखको निर्देशनमा समितिको बैठक सदस्य- सचिवले बोलाउनेछ ।

३) सदस्य सचिवले समितिको बैठक बस्ने सूचना सहित बैठकमा छलफल हुने विषयहरुको सूचि तीन दिन अगावै समितिका सदस्यहरुलाई उपलब्ध गराउनु पर्नेछ ।

४) समितिमा तत्काल कायम रहेका सदस्य संख्याको ५० प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

५) समितिको बैठकको अध्यक्षता प्रमुखले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

६) बैठकमा उपस्थित सदस्यहरुको बहुमतको निर्णय मानय हुनेछ । मत बरावर भएका बैठको अध्यक्षता गर्नेब्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

७) समितिको बैठकको निर्णय समितिको अध्यक्ष र सदस्य सचिवद्धारा प्रमाणित गरिनेछ ।

८) समितिको बैठक तथा सञ्चालन खर्च स्थानीय तहको नियमानुसार हुनेछ ।

९) बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

परोहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिधा, मूला तथा बेलकुइ गाउँ
लौकाहा, रौतहट
मधेश प्रदेश नेपाल

दस्तखत
नगर प्रमुख
परोहा नगरपालिका
लौकाहा, रौतहट

२०.उपसमितिवाकार्यटोली गठन गर्न सक्ने:- १) समितिले आफूले गर्नु पर्ने कुनै काम सुचारु रुपमा सञ्चालन गर्नका निमित्त बालविशेषज्ञ वा विज्ञ, बालमनोविज्ञ, समाजसेवी, समाजिक कार्यकर्ता, शिक्षक, चिकित्सक, बालक्लवका प्रतिनिधि, सामाजिक परिचालक तथा बालअधिकारकर्मीहरु मध्ये आवश्यकतानुसार समावेश हुने गरी निश्चित अवधिकालागि बढीमा तीन सदस्यीय उपसमिति वा कार्यटोली गठन गरी परिचालन गर्न सक्नेछ ।

२) उपदफा (१) बमोजिम गठन हुने उपसमिति वा कार्य टोलीको काम कर्तव्य र अधिकार कार्य प्रकृति अनुसार काममा खटिए वा काम गरे वापत टोली वा सदस्यले पाउने भत्ता वा पारिश्रामिक वा सेवा सुविधा तथा अन्य कार्यविधि स्थानीयतहको प्रचलित नियमानुसार समितिले तोकी दिएबमोजिम हुनेछ ।

२१.वडा स्तरीय बालअधिकार समिति:- (१) पालिकाले वडा स्तरीय बालअधिकार समिति गठन गर्न सक्नेछ । बडा स्तरीय बालअधिकार समितिमा देहाय बमोजिमका प्रमुख र सदस्य रहनेछन्:

क) सम्बन्धित वडाको वडा प्रमुख १ जना -अध्यक्ष

ख) वडाले तोकेको महिला सदस्य सहित २ जना - सदस्य

ग) माध्यमिक विद्यालयका प्रधानाध्यापक वा सम्पर्क शिक्षक मध्ये १ जना -सदस्य

घ) वडास्तरीय बाल सञ्जालले तोकेको १ जनाबालिका सहित २ जना -सदस्य

ङ) बडा प्रहरी प्रमुख, नेपाल प्रहरी -सदस्य

च) बालअधिकार, बालसंरक्षण, बालकल्याण, शिक्षा, स्वास्थ्य तथा बालन्यायका क्षेत्रमा कार्यानुभव भएका व्यक्ति वा सस्थाबाट प्रमुखले मनोनयन गरेका कम्तीमा एक जना महिला सहित २ जना
-सदस्य

छ) बडा सचिव -सदस्य
सचिव

(२) उपदफा (१) को खण्ड (ख), (च) बमोजिम मनोनित सदस्यको पदावधी चार वर्षको हुनेछ र खण्ड (च) बमोजिम सदस्यमा मनोनयन हुनको लागि देहाय बमोजिमको योग्यता पुरा भएको हुनु पर्नेछ:

क) नेपालीनागरिक

ख) एक्काइस वर्ष उमेर पुरा भएको,

ग) नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय नपाएको

घ) सम्बन्धीत बडा भित्र स्थायी बसोवास भएको ।

परोहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय शिक्षा, युवा तथा खेलकुद शाखा लौकाहा, रौतहट मधेश प्रदेश नेपाल

शेखर शाक्य
नगर प्रमुख
परोहा नगरपालिका
लौकाहा रौतहट

CamScanner

(३) उपदफा (२) मा जे सुकै लेखेको भएता पनि वडा सदस्य, विभिन्न संघ संस्थाका प्रतिनिधि तथा अन्य पदेन सदस्यहरु तथा बाल सञ्जालका प्रतिनिधिहरुका हकमा उमेर, बसोवास क्षेत्र, शैक्षिक योग्यताको आधारमा सदस्य हुन अयोग्य मानिने छैन ।

२२. **वडा स्तरीय बालअधिकार समितिको काम, कर्तव्य र अधिकारः-** (१) वडा स्तरीय बाल समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) वडाबाट प्रस्तावित हुने बालबालिका र बालअधिकार सम्बन्धी योजना, कार्यक्रमहरुको बालअधिकारमा आधारित सहभागिता मुलक ढंगबाट निर्माण गर्ने ।

ख) वडा तहमा बालअधिकारका सचेतना, प्रशिक्षण कार्यक्रमहरु सञ्चालन गर्ने गराउने

ग) वडालाई बालमैत्री बनाउने सिङ्गो प्रक्रियाको नतृत्व लिने

घ) बडातहमा बालअधिकारको अबस्था अनुगमन तथा अध्ययन अनुसन्धान गर्ने गराउने

ङ) बालबालिकाको सम्बन्धका प्राप्त उजूरीहरुको संकलन गर्ने र राय सहित न्यायिक समितिमा पठाउने

च) बालबालिकासँग परामर्श तथा छलफल कार्यक्रम गर्ने गराउने

छ) बडास्तरमा बालश्रम, बालविवाह, बेचविखन, ओसारपसार, बालबालिका विरुद्ध हुने हिंसा, दुब्यवहार, शोषण अन्त्यका लागि बाल संरक्षण मापदण्ड तर्जुमा गरी कार्यान्वयन गर्ने ।

ज) सार्वजनिक सुनुवाइका समयमा स्थानीय तहबाट सम्पन्न भएका बालअधिकारका कार्यहरुको प्रगति विवरण सार्वजनिक गर्ने

झ) वडातहमा बालअधिकारका लागि कार्यरत सरकारी निकाय, संघसंस्था, परियोजना तथा सेवाहरुको नक्सांकन गर्ने

ञ) बालअधिकारको संरक्षण तथा सम्बर्धनका लागि बहुपक्षिय निकायहरुसँग समन्वय तथा सहकार्य गर्ने

ट) वडामा रहेका बालक्लव, सञ्जाल, समुहको सूचि तयार गरी स्थानीय बालअधिकार समितिमा पेश गर्ने

ठ) बडामा सञ्चालित बालगृह, अस्थायी संरक्षण सेवा केन्द्रहरुको अनुगमन गरी नगर बालअधिकार समितिमा प्रतिवेदन पेश गर्ने

२३. **बडा बालअधिकार समितिको बैठक सम्बन्धीब्यवस्थाः-** वडा बालअधिकार समितिको बैठक सम्बन्धी ब्यवस्था देहाय बमोजिम निर्धारण गरिएको छः

(१) समितिको बैठक कम्तीमा वर्षको चार पटक प्रमुखले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

परोहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
वडा नं. ४ बसन्तपुर
लौकाहा, रौतहट
मधेश प्रदेश नेपाल

अध्यक्ष
नगर प्रमुख
परोहा नगरपालिका
लौकाहा, रौतहट

(२) प्रमुखको निर्देशनमा समितिको बैठक सदस्य सचिवले बोलाउनेछ ।

(३) सदस्य सचिवले समितिको बैठक बस्ने सूचना सहित बैठकमका छलफल हुने विषयकहरुको सूचि तीन दिन अगावै समितिका सदस्यहरुले उपलब्ध गराउनु पर्नेछ ।

(४) समितिमा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागी गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता प्रमुखले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(६) बैठकमा उपस्थित सदस्यहरुको बहुमतको निर्णय मान्य हुनेछ । मत बारावर भएमा बैठकको प्रमुखता गर्ने व्यक्तिले निर्णायाक मत दिन सक्नेछ ।

(७) समितिको बैठकको निर्णय तथा सञ्चालन खर्च स्थानीय तहको नियमानुसार हुनेछ ।

(९) बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

परिच्छेद ६

बालकल्याण अधिकारी

२४. बालकल्याण अधिकारीको नियुक्तिः- (१) नगरपालिकाले ऐनको दफा ६१ को उपदफा (१) बमोजिम हुने गरी स्थानीय तहको कर्मचारी पदपुर्ति प्रक्रिया अनुसार एक जना बालकल्याण अधिकारी नियुक्त गर्नेछ ।

(२) उपदफा (१) बमोजिम बाल कल्याण अधिकारीको नियुक्ति नभएसम्म नगरपालिकाले महिला तथा बालबालिका शाखा प्रमुख वा अधिकृत स्तरको अन्यकुनै कर्मचारीलाई बाल कल्याण अधिकारी तोक्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम नियुक्त बालकल्याण अधिकारीले स्थानीय बालअधिकार समितिको सदस्य सचिवको रुपमा काम गर्नेछ ।

२५. बालकल्याण अधिकारीको काम, कर्तव्य र अधिकारः- बाल कल्याण अधिकारीको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) नगर बालअधिकार समितिको निर्णय एवं निर्देशनहरु कार्यान्वयन गर्ने वा गराउने ।

(ख) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट स्विकृत नीति र योजना अनुरुप समितिको वार्षिक कार्यक्रम र बजेट तर्जुमा तथा कार्यान्वयन गर्न स्थानीयतह र नगर बालअधिकार समितिलाई आवस्यक सहयोग गर्ने एवं कार्य सम्पादनको प्रगति प्रतिवेदन समितिको बैठकमा पेश गर्ने ।

परोहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
लौकाहा, रौतहट
मधेश प्रदेश नेपाल

प्रमुख अधिकृत
नगर प्रमुख
परोहा नगरपालिका
लौकाहा, रौतहट

(ग) नगरपालिका भित्र स्थायी तथा अस्थायी रुपमा बसोबास गर्ने सबै बालबालिकाले प्राप्त गर्नुपर्ने हेरचाह, स्वास्थ्य, शिक्षा, संरक्षण तथा सहभागिताको अवस्था सम्बन्धी तथ्याङ्क संकलन र विश्लेषण गरी अध्यावधिक र प्रतिवेदन तयार गर्ने ।

(घ) नगरपालिकाका जोखिममा परेका, विशेष संरक्षणको आवश्यकता भएका, वैकल्पिक हेरचाहको आवस्यकता भएका तथा कसूरबाट पीडित बालबालिककाको तत्काल उद्दार, मनोसामाजिक परामर्श, उपचार, अस्थायी संरक्षण, आमाबुवालाई पारिवारिक सहयोग, पारिवारिक पुनर्मिलन तथा वैकल्पिक स्याहार लगायतका कार्य गर्ने ।

(ङ) खण्ड (घ) बमोजिमका कार्य गर्न कार्ययोजना तयार गरी नगर बालअधिकार समिति समक्ष स्विकृतिका लागि पेश गर्ने र स्विकृत कार्ययोजना कार्यान्वयन गर्ने ।

(च) स्थानीय तहमा बालश्रम, बालविवाह जस्ता समस्याको अन्त्य गर्न बालमैत्री विद्यालय, बालमैत्री स्थानीय शासन प्रवर्द्धन गर्न आवश्यक समन्वय र सहजिकरण गर्ने

(छ) बालबालिका बिरुद्धको कसूरको अनुसन्धान प्रक्रियामा पीडित तथा कानूनको विवादमा परेका बालबालिकाको अस्थायी तथा पारिवारिक संरक्षणका लागि प्रहरी कार्यालय तथा अदालतलाई आवस्यक सहयोग उपलब्ध गराउने ।

(ज) नगरपालिका भित्र भएको वैकल्पिक हेरचाहको व्यवस्था, पुनर्स्थापना केन्द्र, अस्थायी संरक्षण सेवा, निगरानी कक्ष, तथा बालबालिकालाई शैक्षिक प्रयोजनका लागि राखिएका मठ, गुरुकूल, गुम्बा, मदरसा, चर्च जस्ता अवासिय गृहको नियमित अनुगमन गरि सो को प्रतिवेदन नगर बालअधिकार समिति तथा अन्य सम्बन्धित निकायमा पेश गर्ने ।

(झ) नगरपालिकामा भएका बालअधिकार उल्लंघन सम्बन्धी घटनामा बालबालिकाको तत्काल उद्धार, राहत, संरक्षण र घटना व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।

(ञ) बालबालिकाको संरक्षक नियुक्तिको लागि प्रचलित कानुन बमोजिम अदालतमा निवेदन दिने ।

(ट) बालबालिकाको लागि वैकल्पिक हेरचाहको उपलब्धताको प्रतिवेदन अदालतले माग गरेको अवस्थामा पेश गर्ने ।

(ठ) वैकल्पिक हेरचाहमा राखिएका बालबालिकाको जन्मदर्ता गर्न, नागरिकता बनाउन र निजको चलअचल सम्पत्तिको अभिलेख राखी संरक्षण गर्न सम्बन्धित निकायमा सहजीकरण तथा सिफारिस गर्ने ।

(ड) बालबालिकाको गोपनियताको हकको उल्लंघन नहुने गरी प्रचलित कानून बमोजिम प्रकाशित गर्नुपर्ने सूचना समेतको प्रतिवेदन नगर बालअधिकार समितिको स्वीकृतिमा प्रकाशन गर्ने र सो को विवरण आर्थिक वर्ष समाप्त भएको साठी दिन भित्र प्रदेश बालअधिकार समिति र राष्ट्रिय बालअधिकार परिषदमा पेश गर्ने ।

परोहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिधा, पूजा तथा धनकट नाका
लौकाहा, रौतहट
मधेश प्रदेश नेपाल

अध्यक्ष
नगर प्रमुख
परोहा नगरपालिका
लौकाहा रौतहट

(ढ) नगरपालिकाको योजना तर्जुमा प्रक्रियामा बालबालिकाका विषयलाई प्राथमिता दि पहल गर्ने ।

ण) नगर बालअधिकार समितिबाट प्रत्यायोजित अन्य काम गर्ने ।

परिच्छेद७

बालमनोविज्ञ, समाजसेवीतथा सेवाप्रदायक निकाय सम्बन्धी व्यवस्था

२६. समाजसेवी तथा बालमनोविज्ञको सूची तथा नियुक्तीः- (१) नगरपालिकामा रही समाजसेवी तथा बालमनोविज्ञको रुपमा काम गर्न चाहने व्यक्तिले नगर बालअधिकार समिति समक्ष आफ्नो नाम सूचिकृत गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम समाजसेवी तथा मनोविज्ञलाई सूचिकृत गर्नका निमित्त नगर बालअधिकार समितिले निवेदकले पेश गर्नु पर्ने आवश्यक कागजात तथा विवरणको सूची समेत संम्लग्न गरी सात दिनको सार्वजनिक सूचना जारी गर्नेछ ।

(३) समाजसेवी तथा बालमनोविज्ञको रुपमा काम गर्न इच्छुक व्यक्तिले सूचनामा तोकिए बमोजिमका कागजात तथा व्यक्तिगत विवरण सहित नगर बालअधिकार समितिमा निवेदन दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको निवेदन तथा कागजातको जाँचबुझ गर्दा नगर बालअधिकार समितिले तोकेको न्यूनतम योग्यता पुगेका निवेदकहरुलाई समाजसेवीका रुपमा नगर बालअधिकार समितिले सूचिकृत गरी सोको सूचना प्रकाशन गर्नेछ ।

(५) समाजसेवीको छनौट र नियुक्तिको प्रक्रिया, निजको काम, कर्तव्य, अधिकार पारिश्रामिक तथा अन्य सुविधा नगर बालअधिकार समितिको सिफारिस नगरपालिकाले तोके बमोजिम हुनेछ ।

(६) उपदफा (५) बमोजिम नियुक्त हुने समाजसेवीको पारिश्रामिक नगरपालिकाले व्यवस्था गर्नेछ ।

२७. सेवा प्रदायक निकायको नक्सांकन तथा सूचिकरणः- (१) नगरपालिकामा रहे बालबालिकाको हक, हित र अधिकारको संरक्षण तथा सम्वर्धनका लागि ईच्छुक सामाजिक संस्थाहरु नगरपालिकामा अनिवार्य रुपमा सूचिकृत हुनु पर्दछ ।

(२) उपदफा (१) अनुसार सूचिकृत गर्नका निमित्त नगर बालअधिकार समितिले निवेदकले पेश गर्नुपर्ने आवश्यक कागजात तथा विवरणको सूचि समेत संलग्न गरी सात दिनको सार्वजनिका सूचना जारी गर्नेछ ।

(३) नगरपालिकामा सूचिकृत हुन इच्छुक सेवा प्रदायक निकायले सूचनामा तोकिए बमोजिमका कागजात तथा संस्थागत विवरण सहित नगर बालअधिकार समितिमा निवेदन दिनु पर्नेछ ।

शेखर ढकाल
नगर प्रमुख
परोहा नगरपालिका
सर्लाही

(४) उपदफा (३) बमोजिमको निवेदन तथा कागजातको अभिलेख नगर बालअधिकार समितिले तोकेको योग्यतापुगेका निवेदकहरुलाई सेवा प्रदायक निकायको रुपमा नगर बालअधिकार समितिले सूचिकृत गरी सोको सूचना प्रकाशन गर्नेछ ।

परिच्छेद ८

बालकोष स्थापना, सञ्चालन तथा व्यवस्थापन

२८. बालकोष:- (१) विशेष संरक्षण आवश्यकता भएका तथा जोखिममा परेका तथा हिंसा पीडित बालबालिकाको सहयोगार्थ नगरपालिका स्तरमा एक बालकोषको स्थापना गरिने छ ।

(२) उपदफा (१) बमोजिमको बालकोषमा देहाय बमोजिमका रकमहरु रहनेछन् :

क) नगरपालिकाबाट वार्षिक रुपमा विनियोजित बजेट

ख) संघ संस्थाबाट प्राप्त हुने सहायता

ग) निजी व्यवसाय तथा व्यक्तिहरुबाट प्राप्त हुने आर्थिक सहायता

घ) स्थानीय न्यायिक समितिबाट बालबालिका विरुद्ध हिंसाका घटनामा गरिएको जरिवाना रकम

ङ) बालअधिकारको संरक्षण तथा सम्वर्धनका लागि संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम

च) अन्य तोकिएका आम्दानी

२९. कोष सञ्चालक समिति:- (१) नगरपालिकामा बाल कोष सञ्चालनका लागि देहाय बमोजिमको संयोजक र सदस्य रहेको एक बाल कोष सञ्चालक समिति रहनेछ :

क) प्रमुख, नगर बालअधिकार समिति -संयोजक

ख) प्रमुख प्रकाशकिय अधिकृत - सदस्य

ग) लेखा प्रमुख -सदस्य

घ) नगर बालअधिकार समितिका सदस्य मध्ये समितिले तोकेको १ जना -सदस्य

ङ) बाल कल्याण अधिकारी -सदस्य सचिव

(२) उपदफा(१) बमोजिमको समितिको बैठकमा आवश्यकतानुसार सम्बन्धित सरोकारवालालाई आमन्त्रण गर्न सकिनेछ ।

३०.बालकोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार:- बाल कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

परोहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
सौकाटा, तौलहवा
मधेश प्रदेश नेपाल

प्रमुख प्रशासकीय अधिकृत
नगर प्रमुख
परोहा नगरपालिका
सौकाटा तौलहवा

(क) तत्कालीन समयमा नगरपालिका भित्र आपतकालीन अवस्थामा रहेका बालबालिकाको उद्धार संरक्षणका लागि स्थापना भई सञ्चालनमा रहेका नगर बालसंरक्षण समिति, र बाल संरक्षण समितिका नाममा रहेको बाल उद्धार कोषको नाममा रहेको सबै कोष रकम खोजी गरी यस कार्यविधि बमोजिम बनेको बाल कोषमा जम्मा गर्ने, गराउने,

(ख) जोखिम अवस्थामा रहेका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्धार गर्ने, स्वास्थ्योपचार गर्ने, पुनस्थापना गर्ने तथा त्यस्ता बालबालिकालाई राहत दिने सम्बन्धमा आवश्यक कार्यक्रम तर्जुमा गर्ने,

(ग) कुनै बालबालिका जोखिम अबस्थामा भए वा नभएको निर्धारण गर्ने,

(घ) स्वीकृत कार्यक्रमको लागी कोष परिचालन गर्ने वा गराउने

(ङ) स्वीकृत कार्यक्रम कार्यान्वयन भए नभएको सम्बन्धका अनुगमन गर्ने

(च) जोखिम अबस्थामा रहेका बालबालिकालाई राहत स्वरुप दिइने रकमको मापदण्ड कार्यान्वयन लागू गर्ने,

(छ) जोखिम अवस्थामा रहेका बालबालिका सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने र गराउने,

(ज) समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्ने गराउने,

(झ) बालबालिकाको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासँग समन्वय गर्ने

(ञ) कोष वृद्धिको लागि स्रोतको खोजी गर्ने

(ट) जोखिम अवस्थामा रहेका बालबालिका सम्बन्धी अन्य काम गर्ने वा गराउने।

३१.बाल कोष सञ्चालक समितिको बैठक सम्बन्धीव्यवस्थाः- समितिको बैठक सम्बन्धमा व्यवस्था देहाय बमोजिम कायम गरिएको छ।

(१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(२) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिको बैठक बस्नु भन्दा कम्तमा चौबिस घण्टा अगावै समितिको सदस्य सचिवले बैठकमा छलफल हुने कार्यसूचि सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ।

(४) समितिको दुई तिहाइ सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ।

(५) समितिको बैठकको अध्यक्षता समितिको प्रमुखले गर्नेछ र निजको अनुपस्थितिमा समितिका उपस्थित सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ।

परोहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय शिक्षा, युवा तथा खेलकूद शाखा लीपाहा, रौतहट मधेश प्रदेश नेपाल

प्रमुख नगर प्रमुख परोहा नगरपालिका लीपाहा रौतहट

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको निर्णय समितिको सदस्य सचिवले प्रमाणित गरी राख्नेछ ।

(८) समितिको बैठक सम्बन्धि अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(९) जोखिममा रहेका बालबालिकाको आकस्मिक उद्धार तथा पुनस्थापना गर्नु पर्ने अवस्था भएमा समितिको संयोजक र सदस्य सचिवको आपसी सहमतिले आवश्यक हुने रकम निकासा खर्च गर्न सक्नेछन । तर सो खर्च रकम समितिको बैठकबाट अनुमोदन गर्नु पर्नेछ ।

३२. **कोषको प्रयोग प्रयोजनः-** (१) बाल कोषको प्रयोग देहाय बमोजिमको प्रयोजनको लागि गर्न सकिनेछः-

क) विशेष संरक्षणको आवश्यकता भएका तथा आपतकालीन अवस्थामा रहेका बालबालिकाको उद्धार गर्न,

ख) विशेष संरक्षणको आवश्यकता भएका तथा आपतकालीन अवस्थामा रहेका बालबालिकालाई राहत, अस्थायी संरक्षण सेवा, पारिवारिक पुनर्मिलन तथा पुनःस्थापना, मनो सामाजिक विमर्श, स्वास्थ्य उपचार, कानूनी उपचार, छात्रवृत्ति जस्ता सेवा प्रदान गर्न,

ग) बालबालिकाको हकहित सम्बन्धमा कोष सञ्चालक समितिले तोके बमोजिमको अन्य काम गर्न गराउन,

(२) बालकोषबाट गरिने बालबालिकाको सहयोगका लागि कोष सञ्चालक समितिले तोके बमोजिमको कागजात पेश गर्नुपर्नेछ ।

३३. **बालकोषको खर्चका सीमाः-** (१) बाल कोषको रकम देहायका अवस्थामा कोष सञ्चालक समितिको निर्णयबाट खर्च गर्न सकिनेछः

क) हिंसा पीडित बालबालिकालाई अधिकतम रु. १० हजार सम्मको घर फिर्ती तथा स्वास्थ्य उपचार सेवाका लागि

ख) हिंसा पीडित बालबालिकाको न्यायका लागि अस्थायी आवास, मनोविमर्श, यातायात तथा कानूनी सहायतामा लाग्ने खर्च अधिकतम रु २५ हजार सम्म

ग) जोखिममा रहेका बालबालिकाका लागि तत्काल राहत, शैक्षिक वृत्ति, स्वास्थ्य सेवा एंव सामाजिक संरक्षण वापत अधिकतम प्रति बालबालिका रु. ५हजार सम्म

घ) विशेष परिस्थितिमा बालबालिकाको संरक्षणका लागि सहयोग रकमको सीमा कोष सञ्चालक समितिको निर्धारण गरे बमोजिम हुनेछ ।

CamScanner

(२) बालकोषको रकम तालिम, गोष्ठी, बैठक भत्ता, भ्रमण तथा अनुगमन एंव प्रशासनिक कार्य र सचेतनाका कार्यक्रममा खर्च गर्न पाइनेछैन ।

३४. कोषको खाता सञ्चालनः- (१) कोषको रकम समितिको निर्णयले कोष तथा लेखा नियन्त्रण कार्यालयको सहमतिमा नेपाल राष्ट्र बैकबाट इजाजत प्राप्त पायक पर्ने 'क' वर्गको बैकमा वा नेपाल सरकारबाट वित्तिय कारोवार गर्ने अनुमित प्राप्त सहकारीमा खाता खोली सञ्चालन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको खाता सञ्चालनका लागि परोहा नगरपालिकाको हकमा प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतमा सञ्चालन गरिनेछ ।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएपनि कोषको रकम खर्च नभई आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

३५. कोषको लेखा र लेखा परिक्षणः- (१) कोषको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ ।

(२) कोषको लेखा परिक्षण महालेखा परिक्षकबाट हुनेछ ।

परिच्छेद ९

विविध

३६. स्रोतको व्यवस्थापनः- परोहा नगरपालिका तथा वडाले बालअधिकारको संरक्षण तथा सम्बर्धन कार्य सञ्चालन गर्न योजना निर्माण गरी सो योजनाको कार्यान्वयनका लागि आवस्यक बजेट तथा स्रोतको व्यवस्थापन गर्नेछ ।

३७. प्रोत्साहन पुरस्कारको व्यवस्थाः- बालअधिकारको संरक्षण तथा सम्वर्धन कार्यमा उल्लेखनीय योगदा नदिने व्यक्ति, बालक्लव, सञ्जाल तथा संघसंस्थालाई परोहा नगरपालिकाले उचित पुरस्कार प्रदान गर्न सक्नेछ ।

३८. कार्यविधिको व्याख्यागर्नेवावाधा अड्काउफुकाउने अधिकारः- कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा हुनगएमा सोको व्याख्या वा वाधा अड्काउ फुकाउने अधिकार परोहा नगरपालिकालाई हुनेछ ।

३९. संसोधन गर्न सकिनेः- यस कार्यविधिलाई परोहा नगर कार्यपालिकाले आवश्यक संसोधन गर्न सक्नेछ ।

परोहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय महिला, युवा तथा बालबृद्ध मन्त्रालय लौकाहा, सिरहा मधेश प्रदेश नेपाल

शेख अकिल
नगर प्रमुख
परोहा नगरपालिका
लौकाहा, सिरहा

४०.**खोरेजी र बचाउः-** यो कार्यविधि बालबालिका सम्बन्धी प्रचलित नेपाल सरकार तथा मधेश प्रदेश सरकारको कानूनसँग बाझिन गएमा बाझिएको हदसम्म यो कार्यविधि अमान्य हुनेछन् र नेपाल सरकार तथा प्रदेश सरकारको कानूनमा लेखिएको कुराहरु मान्य हुनेछ ।

४१. **यसै कार्यविधि बमोजिम भए गरेको मानिनेः-** परोहा नगरपालिकाले यो कार्यविधि लागू हुनु भन्दा अघि गरेका बालबालिका सम्बन्धीकार्यहरु यसै कार्यविधि बमोजिम भएको गरेको मानिनेछ । यस कार्यविधिमा उल्लेख नभएका प्रक्रियाहरु अवलम्बन गर्दा बालबालिका सम्बन्धी प्रचलित नेपाल सरकार तथा प्रदेश सरकारको कानूनमा भएको बालअधिकार संरक्षण र सम्वर्धन प्रक्रियाहरु अवलम्बन गर्न कुनै बाधा पर्ने छैन ।

परोहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पिपरा, पुरा तथा बेलकट्टा गाउँ
लौकाहा, रौतहट
मधेश प्रदेश नेपाल

प्रमुख प्रशासकीय अधिकृत
नगर प्रमुख
परोहा नगरपालिका
लौकाहा, रौतहट

अनुसूचीहरु

अनुसूची- १

(.....सँग सम्बन्धित)

संस्था/बालक्लव/सञ्जाल आवद्धताको लागि दिने निवेदनको ढाँचा

मितिः

श्री प्रमुख ज्यू,
परोहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लौकाहा, रौतहट, मधेश प्रदेश ।

विषयः संस्था/बालक्लव/सञ्जाल सूचीकृत/आवद्धता गरी पाँउभन्ने बारे ।

महोदय,

हामीले ..... नामको संस्था/बालक्लव/सञ्जाल खोल्न चाहेकाले परोहा नगर कार्यपालिकाबाट स्वीकृत "बालअधिकार संरक्षण तथा सम्वर्धन कार्यविधि २०७९" को परिच्छेद.....दफा.....ले गरेको व्यवस्था बमोजिम संस्था/बालक्लव/सञ्जाल /सूचिकृत/आवद्धता गर्नका लागि देहायको विवरण खोली निवेदन पेश गरेका छौं ।

प्रस्तावित संस्था/बालक्लव/सञ्जालको विधानको एक प्रति, सिफारिस, संस्था/बालक्लव/सञ्जाल आवद्धता अभिलेख फारम र यथाशक्य समूहका पदाधिकारीहरुको जन्मदर्ता प्रमाणपत्रको फोटोकपी यसैसाथ संलग्न गरिएको छ ।

भवदिय

प्रमुखको नामः-

ठेगानाः-

बालक्लव आवद्धताका लागि संलग्न गर्नुपर्ने कागजपत्रहरुः

१) अनुसूची २ अनुसारको निवेदन

२) संस्था/बालक्लव/सञ्जालको विधान २ प्रति (संस्था/बालक्लव/सञ्जालको उद्देश्य तथा सो मार्फत गर्न चाहेका मुख्यकामको विवरण, संस्था/बालक्लव/सञ्जालको किसिम, सदस्यता लिने प्रक्रिया तथा कार्य समितिमा रहने पदहरुको विवरण सहित)

परोहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय लौकाहा, रौतहट मधेश प्रदेश नेपाल

प्रमुख नगर प्रमुख परोहा नगरपालिका लौकाहा, रौतहट

३) बालक्लबको निर्णय

४) विद्यालयको हकमा विद्यायलयको सिफारिस

५) वडाको सिफारिस

६) बालक्लबको कार्यसमितिको बालबालिकाको नाम थर, उमेर, अध्ययन गरिरहेको कक्षा, ठेगाना र जन्मदर्ताको प्रतिलिपि

अनुसूची २

(.....सँग सम्बन्धित)

संस्था/बालक्लब/ सञ्जाल सूचिकृत प्रमाणपत्रको नमुना

परोहा नगरपालिका
रौतहट जिल्ला
मधेशप्रदेश
नेपाल
बालक्लब सूचिकृत/आवद्धता प्रमाणपत्र

आवद्धता नं: मिति:

श्री..... संस्था/बालक्लब/ सञ्जाल
ठेगाना.....।

..... जिल्ला..... नगरपालिका..... वडा नं.....को .....विद्यालय/ समुदाय /बालगृह/ बाल सुधार गृहमा गठन भएको ..... संस्था/बालक्लब/ सञ्जाललाई यस ..... नगरपालिकामा आवद्धता गरी परोहा नगरपालिकाको बालअधिकार संरक्षण तथा सम्बर्धन कार्यविधि २०७९ को परिच्छेद..... दफा..... ले ब्यवस्था गरेअनुसार आवद्धताको प्रमाण पत्र प्रदान गरिएको छ। बालअधिकार संरक्षण र सम्बर्धन कार्यमा नेपालको संविधान, बालअधिकार सम्बन्धी अन्तराष्ट्रिय महासन्धि १९८९ तथा बालबालिका सम्बन्धी ऐन, २०७५ लगायत बालबालिका सम्बन्धी विद्यमान कानूनहरुको अधीनमा रही यस नगरपालिकाको बालमैत्री अभियायनमा यँहाहरुको सक्रिय सहभागिताको अपेक्षा गर्दछौं।

प्रमाण पत्र दिने अधिकारीको
हस्ताक्षर :-
नाम:-
पद :-
मिति :-

परोहा नगरपालिका
नगर प्रमुख
परोहा नगरपालिका
लोकाहा, रौतहट

परोहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विडा, इला तथा बेलकुप गाउँ
लोकाहा, रौतहट
मधेश प्रदेश नेपाल

CamScanner

अनुसूची ३

संस्था/बालक्लब/सञ्जालनवीकरणका लागि निबदेन ढाँचा

निवेदनपत्रको ढाँचा

श्री प्रमुख ज्यू, मितिः
परोहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लौकाहा, रौतहट, मधेश प्रदेश ।

विषयः संस्था/बालक्लब/सञ्जालनवीकरण गरी पाँऊभन्ने बारे ।

महोदय,

.....जिल्ला..... नगरपालिका.....वडा नं .....स्थित..... विद्यालय/समुदाय/बाल गृह/बाल सुधार गृहमा आधारित हाम्रो .....नामको संस्था/बालक्लब/सञ्जाल परोहा नगरसभाबाट स्वीकृत "बालअधिकार संरक्षण तथा सम्बर्धन कार्यविधि २०७९" को परिच्छेद ..... दफा.....ले गरेको ब्यवस्था बमोजिम मिति.....मादर्ता/सूचिकृत भै क्रियाशील रहदै आएको छ । हाम्रो आवद्धता/दर्ता/सूचीकृत नं..... रहेकोछ । यस सिलसिलामा बालअधिकार संरक्षण तथा सम्बर्धन कार्यविधि २०७९ को परिच्छेद.....दफा .....ले गरेको ब्यवस्था बमोजिम संस्था/बालक्लब/सञ्जालनवीकरण गर्नका लागि देहायको विवरण खोली यो निवेदन पेश गरका छौं ।

हाम्रो संस्था/बालक्लब/सञ्जालले बर्षभरी सम्पन्न गरेका मुख्य क्रियाकलापहरुको संक्षिप्त विवरण, संस्था/बालक्लब/सञ्जालमा रहेका सदस्यहरु तथा कार्यसमितिमा रहेका पदहरुको विवरण यसै साथ संम्लग्न गरिएको छ ।

भवदिय
प्रमुखको नामः-
ठेगानाः-

संस्था/बालक्लब/सञ्जालनवीकरणका लागि सम्लग गर्नुपर्ने कागजपत्रहरु

१) अनुसूची .. अनुसारको निवेदन २) संस्था/बालक्लब/सञ्जालले वर्षभरी सम्पन्न गरेका मुख्यक्रियाकलापहरु ३) संस्था/बालक्लब/सञ्जालको विवरण ४) विद्यालयको हकमाविद्यालयको सिफारिस ५)वडाको सिफारिस ६) संस्था/बालक्लब/सञ्जालदर्ताको प्रतिलिपि

परोहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय शिक्षा, युवा तथा खेलकुद शाखा लौकाहा, रौतहट मधेश प्रदेश नेपाल

प्रमुख प्रशासकीय अधिकृत
परोहा नगरपालिका
लौकाहा, रौतहट

अनुसूची ४

(.....सँग सम्बन्धीत)

संस्था/बालक्लब/सञ्जाल सूचीकृत प्रमाणपत्रको नमुना

परोहानगरपालिका
रौतहटजिल्ला
मधेशप्रदेश
नेपाल
सूचिकृत/आवद्धतानविकरण प्रमाणपत्र

आवद्धता नं:मितिः
श्री.....संस्था/बालक्लब/सञ्जाल
ठेगाना ।

..... जिल्ला..... नगरपालिका..... वडा नं.....को .....विद्यालय/समुदाय/बालगृह/बाल सुधार गृहमा गठन भै.....मा यस नगरपालिकामादर्ता/सूचिकृत/आवद्ध भएको.....आवद्धता नं.....संस्था/बालक्लब/सञ्जाललाई बालअकिार संरक्षण तथा सम्बर्धन कार्य विधि २०७९को परिच्छेद.....दफा.....ले व्यबस्था गरे अनुसार आबद्धता नवीकरणको प्रमाणपत्र प्रदान गरिएको छ ।

वलअधिकार संरक्षण र सम्बर्द्धन कार्यमा नेपालको संविधान, बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९८९ तथा बालबालिका सम्बन्धी ऐन २०७५ लगायत बालबालिका सम्बन्धी विद्यमान कानूनहरुको अधीनमा रही यस नगरपालिकाको बालमैत्री अभियानमा यहाँहरुको सक्रिय सहभागिताको अपेक्ष गर्दछौं ।

प्रमाणित गर्ने :
नामः
पद
दस्तखतः

परोहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिमा, पूर्वा तथा धेलकट गाउँ
लौकाहा, रौतहट
मधेश प्रदेश नेपाल

शेख रकिन
नगर प्रमुख
परोहा नगरपालिका
लौकाहा, रौतहट

अनुसूची ५

परोहानगरपालिका

मधेशप्रदेश

संस्था/बालक्लव/सञ्जाल सूचीकरणको दर्ता किताव

क्र.स.	संस्था/बालक्लव / सञ्जालको नाम	ठेगाना	संस्था/बालक्लव/ सञ्जालमा सदस्य सख्या		संरक्षकको नाम	स्थापनामिति	सूचीकृत नं र मिति	सम्पर्क नं	प्रमाणपत्र बुझ्नेको नाम	प्र मि गर
			बालक	बालिका						

अनुसूची ६

परोहानगरपालिका

मधेशप्रदेश

संस्था/बालक्लव/ सञ्जाल सूचीकरणनवीकरणको दर्ता किताव

क्र.स.	संस्था/बालक्लव/ सञ्जालको नाम	ठेगाना	संस्था/बालक्लव/ सञ्जालमा सदस्य सख्या		संरक्षकको नाम	स्थापनामिति	सूचीकृत नं र मिति	सम्पर्क नं	नविकरण मिति	प्र गर
			बालक	बालिका						

परोहा नगरपालिका
नगर कार्यपालिकको कार्यालय
लौका, पूर्वा तथा वेलहट गाउँ
लौकाहा, रौतहट
मधेश प्रदेश नेपाल

प्रमुख प्रशासकीय अधिकृत
नगर प्रमुख
परोहा नगरपालिका
लौकाहा, रौतहट

अनुसूची ७

नगर बालअधिकार समिति तथा न्यायिक समितिमा उजुरी दिने निवेदनको ढाँचा

मिति:

१.विद्यार्थिको नाम, थर.....(आफूलाई नाम थर लेख्न मन नलागेमानलेख्दापनिहुने)

२. कक्षा.....(आफूलाई कक्षा लेख्न मन नलागेमानलेख्दापनिहुने)

३. विद्यालयको नाम:

४. उमेर:

५. लिङ्ग:

६. गुनासो तथा घटना:

७. घटना घटाउने व्यक्ति:

८. घटनाको प्रकृति:

९. घटना वा समस्यानयाँहो वा दोहोरिएको हो

१०. घटना वा समस्या समाधानका सम्भावितउपायहरु के हुन सक्दछन ?

.....
.....

.....
.....

.....
.....

.....

निवेदकको दस्तखत

.....

दस्तखत ऐच्छिक हुनेछ)

अनुसूचीविवरण

अनुसूची १::

अनुसूची २:

नगर प्रमुख